मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9844036278
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वैभव — शनिबार ४ पृष्ठको वैभव

- **डा. शोभाकर पराजुली** - धार्मिक, सामाजिक सद्भावको गढः गढिमाई मेला
- यी हुन भारतका १० भन्दा बढी ठाउँमा
- रहेको ‘मन्दिर–मस्जिद’ विवाद
- युट्युब किन र कसरी टिभी च्यानलहरूको लागि ठूलो खतरा बनिरहेको छ ?

वर्ष ३ ● अंक २८ ● २०८१ साल मंसिर २२ गते शनिबार ● Saturday 07, December 2024 ● सूर्योदय: बिहान ६:४१ बजे ● सूर्यास्त: साँझ ५:१२ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

## गढीमाई मेलामा भक्तजनको घुइँचो

**मधेशदृष्टि**
**रौतहट ।**

विश्वप्रसिद्ध बारा, बरियारपुरस्थित पञ्चवर्षीय गढीमाई मेलामा लाखौँ भक्तजनको घुइँचो लागेको छ । मेलामा आउने जाने यात्रुलाई सहज हुने गरी मौलापुर नगरपालिकाले बाटो मर्मत गरेको छ ।

असोज महिनामा लालबकैया नदीमा आएको बाढीबाट क्षतिग्रस्त जयनगर–मौलापुर–वीरगंज सड़क मर्मत गर्न सम्बन्धित निकाय तथा सरकारले वास्ता नगरेपछि मौलापुर नगरपालिकाले मर्मत तथा निर्माण गरेको हो । ऐतिहासिक पञ्चवर्षीय गढीमाई मेलालाई ध्यानमा राखेर नगरपालिकाले सडक मर्मत तथा निर्माण कार्य शुरु गरेको मेयर रिना कुमारी साहले बताइन् ।

यसैबीच, पूर्वमन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहले मौलापुर नगरपालिकाले गरेको कार्य सराहनीय भएको बताएका छन् । केन्द्र र प्रदेश सरकारको मातहतका यस्ता सडकको मर्मत र सञ्चालनको जिम्मा सम्बन्धित सरकारले नै लिनुपर्नेमा सरकारहरू अनैतिक कर्ममा लागेकाले बाढीबाट क्षतिग्रस्त संरचना अलपत्र परेको अध्यक्ष साहले टिप्पणी गरे । लामो समय बित्दासमेत क्षतिग्रस्त संरचनामा ध्यान नजानु गैरजवाफदेहिताको पराकाष्ठा भएको साहको टिप्पणी छ । केन्द्र र प्रदेश सरकारले गैरजिम्मेवार र अनैतिक कार्य गर्दा पनि कांग्रेस–एमाले गठबन्धनका झोलेहरूले चुप बस्नु दुःखद भएको उनले बताए ।

बारा, बरियारपुरस्थित गढीमाई मन्दिरमा लागेको पञ्चवर्षीय मेलामा यसपटक ३ करोड मानिस आउने आयोजकको अनुमान छ । मेलामा पुग्ने चौतर्फी बाटोमा १०.१५ किलोमिटर टाढाबाटै हजारौँको घुइँचो लाग्ने गरेको छ । मंसिर १७ गते औपचारिकरूपमा राष्ट्रपति रामचन्द्र पौडेलले उद्घाटन गरेको बारा, बरियारपुरस्थित गढीमाई मेलामा लाखौँले दर्शन गरिरहेका छन् ।

गढीमाई मन्दिरमा यसपटक मंसिर २३ गते आइतबार बली प्रदान गरिने मूल पूजारी मंगल चौधरीले बताए । गढीमाई मन्दिरका मूल पुजारी चौधरीसँग मिलेर मूल तान्त्रिक उमाशंकर धामी कछाडियाले आफ्नो शरीरको ५ स्थानबाट रगत निकालेर देवीलाई चढाएपछि पशुबली शुरु हुने चलन छ ।

रोग निको हुने, सन्तान प्राप्तिका साथै माताको नामले गरिएको भाकल पूरा भएपछि पञ्चवर्षीय मेलामा हजारौँले परेवा, बोका, राँगालगायतको बली चढाउने गर्दछन् । मेलामा नेपालका अधिकांश जिल्लाका मानिसका साथै भारतबाट लाखौँ भक्तजन आउने गर्दछन् ।

## किसानको रोबोटसँग सम्वाद




महागढीमाई नगरपालिकामा सञ्चालित विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेलामा मंसिर १८ गतेदेखि २४ गतेसम्म बृहत कृषि प्रदर्शनी सञ्चालन भइरहेको छ । उपप्रधानमन्त्री तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले उद्घाटन गरेको प्रदर्शनी कनेक्ट किसानले गरेको हो । गढीमाई मेला भर्न आउने करोडौँ सहभागीलाई लक्षित गरी पालिकाहरुको स्थानीय उत्पादन, रैथाने बाली र कृषि सम्बन्धित वस्तु तथा सेवा प्रवद्र्धन गर्ने उद्देश्यले प्रदर्शनी गरिएको कनेक्ट किसानकी अध्यक्ष सञ्जीता लामिछानेले जानकारी दिइन् ।

कृषक, कृषि उपज, बिउ, मल, बजार र उपभोक्ता एकैठाउँमा भेट हुने प्रदर्शनीमा किसानले बजार र उपभोक्ता पाउने र कृषिसँग सम्बन्धित कम्पनीले सिधै किसान तथा उपभोक्ता भेट्दा एकअर्काको आवश्यक्ता बुझ्न सहज हुने अध्यक्ष लामिछानेले बताइन् । देवीको दर्शनबाहेक खेल तमासा, खानपिन र मनोरञ्जन हरेक मेलामा हुने गरेको भए पनि किसानकै लागि केन्द्रित गरेर गढीमाई मेलामा कृषि प्रदर्शनी पहिलो पटक गरिएको हो । प्रदर्शनीमा पालिकाजोन अन्तर्गत सिन्धुलीको जुनार, रौतहटको ड्रागनफ्रुट, नुवाकोटको कफी, वीरगंजको च्याउ, दही तथा हस्तनिर्मित सामग्री, चितवनको बेसार, सप्तरीको अचार, प्युठानको अर्गानिक मह राखिएको छ । त्यस्तै, सात प्रदेशको सात फरक परिकार, कोदोको सेलरोटी, कोदोको मम, खुवाको योमरी, मौलिक आलु, गुन्द्रुकको अचार र लोकल खाना समावेश छन् । कृषिमा आधुनिक प्रविधिअन्तर्गत थोपा सिँचाइ प्रविधि, नर्सरी तथा माछाको प्रदर्शनी, कृषि उपकरणमा विभिन्न कम्पनीका ट्र्याक्टर, रोटाबेटर, हार्भेष्ट कम्पाइन तथा अन्य आवश्यक उपकरण राखिएका छन् ।

प्रदर्शनीमा किसानले कृषि तथा पशु सेवाका विशेषज्ञसँग कृषिसम्बन्धी विभिन्न समस्या र अवसरको विषयमा प्रत्यक्ष संवाद गर्ने व्यवस्थासमेत मिलाइएको छ । त्यस्तै, कृषि प्रदर्शनीको अर्को खास आकर्षण रोबोट रहेको छ । किसानले आफ्नो कृषि समस्याका विषयमा सिधै रोबोटलाई सबाल जवाफ गर्न सक्ने व्यवस्था मिलाइएको छ । कृषिलाई आधुनिक प्रविधिसँग जोड्न कृषिसँग सम्बन्धित कुनै पनि सवाल जवाफ सोध्न सक्ने गरी रोबोट विकास गरिएको कनेक्ट किसानका राजन दाहालले जानकारी दिए । कनेक्ट किसानले गरेको कृषि प्रदर्शनीमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन ईकाई बारा, कृषि औजार अनुसन्धान केन्द्र, कृषि सूचना तथा प्रशिक्षण केन्द्र, कृषि विभाग, कृषि उद्यम केन्द्र, कृषि विकास बैंक, नेपाल पर्यटन बोर्ड, अग्नि ग्रुप महिन्द्रा, पतञ्जली, वल्र्डलिंक, जगशक्ति, मनोज इन्टरनेशनल ट्रेडर्स, देवकी ट्रेडर्स, जय माँ सरस्वती ट्रेडर्स, आरोह फर्टिलाइजर्स, सिंघानिया ग्रुप, प्योर हनीलगाएतका प्रतिष्ठित संस्थाको सहभागिता छ ।

## अयोध्याका जन्तीलाई सम्मान

जनकपुरधाम उपमहानगरपालिकाले विवाहपञ्चमीमा अयोध्याबाट आएका जन्तीलगायत अतिथिहरूलाई सम्मान गरेको छ । उमहानगरपालिकाकाले शुक्रबार भारतको अयोध्याबाट जन्तीका रूपमा आएका अतिथि अयोध्याका मेयर गिरिषपति त्रिपाठी, राम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टका महासचिव चम्पत राय, विश्वहिन्दू परिषद्का अन्तर्राष्ट्रिय महामन्त्री राजेन्द्र पंकजलगायतलाई जनकपुरधामका मेयर मनोजकुमार साहले सम्मान गरेका हुन् ।

त्यस्तै, भीमेश्वर नगरपालिकाका नगरप्रमुख ईश्वर मानन्धरलगायतलाई पनि सम्मान गरिएको थियो । समारोहमा अयोध्याका मेयर त्रिपाठीले राम भगवानको जन्ती बनेर आउने सौभाग्य पाएकामा आफू हर्षित भएको बताए ।

त्यस्तै, ट्रष्टका महासचिव रायले आफ्नो परम्परालाई बचाएर राख्नुपर्ने बताए । समारोहमा जनकपुरधामका नगर प्रमुख साहले त्रेतायुगको परम्परालाई बचाएर राख्न पाउँदा आफूहरू धन्य महसुस गरेको बताए ।

समारोहमा सहभागी अयोध्याबाट आएका जन्तीले मिथिलाबासीले जनकपुरधाममा देखाएको प्रेम र स्नेहबाट आफूहरू आनन्दित महसुस गरेको बताए । त्यसक्रममा अतिथिहरूका साथै अन्य साधु सन्तलगायतलाई उपमहानगरपालिकाले भोजनसमेत गराएको थियो ।

# जनकपुरधाममा सीताराम विवाहपञ्चमीको उल्लास

**निरन्जनकुमार साह**
**धनुषा ।**

जनकपुरधाममा सीताराम विवाहपञ्चमी महामहोत्सवका लागि जानकी मन्दिरकै प्राङ्गणमै विवाह मण्डप बनाइएको छ । जानकी मन्दिरको प्राङ्गणमा हुने वैवाहिक कार्यक्रमका लागि हजारौँ श्रद्धालु यहाँ आइपुगेका छन् । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवका अनुसार यस पटक विवाहपञ्चमी महामहोत्सवमा उल्लेख्य दर्शनार्थी जनकपुरधाम आएका छन् ।

त्रेता युगको झल्को दिने विवाहपञ्चमी महोत्सव हेर्न नेपाल र भारतका साथै तेस्रो मुलुकबाट समेत दर्शनार्थी जनकपुरधाम आइपुगेका छन् । प्रत्येक पाँच वर्षमा अयोध्याबाट आउने जन्ती पनि यहाँ आएका छन् । अयोध्याबाट राम जन्मभूमि तीर्थ क्षेत्र ट्रष्टका महासचिव चम्पत राय, अयोध्याका नगरप्रमुख गिरिशपति त्रिपाठी, विश्व हिन्दू परिषद्का केन्द्रिय मन्त्री राजेन्द्रसिंह पङ्कजसहितको टोली पनि यहाँ आइपुगेको छ ।

जकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणमा प्रत्येक वर्ष वैवाहिक कार्यक्रमको आयोजना हुने गर्छ । वैवाहिक कार्यक्रमका लागि छोरीको बिहेका लागि जस्तै मण्डप सजाइन्छ । जनकपुरधामस्थित जानकी मन्दिरलाई मिथिला दरबारको रुपमा लिइन्छ भने राम मन्दिरलाई अयोध्या दरबारको रुपमा लिइन्छ । जानकी मन्दिर तथा राम मन्दिरलाई बेहुली झैँ सिँगारिएको छ ।

जानकी मन्दिरका महन्त रामतपेश्वरदास वैष्णवले भने, ‘यहाँ आउने दर्शनार्थीलाई छोरीको बिहेको आयोजना गरिरहेको जस्तै अनुभव हुन्छ ।’ महन्त दास बिहेमा माता सीताको पिता राजा जनकको भूमिकामा छन् । राम मन्दिरका महन्तबाबा राम गिरी राजा दशरथको भूमिकामा छन् । महन्त गिरिले भने, ‘सीताजस्ती बुहारी पाउने भएपछि हर्षविभोर हुनु स्वाभाविक नै हो ।’ त्रेता युगमा अयोध्या नरेश दशरथका पुत्र मर्यादा पुरुषोत्तम भगवान् श्री राम र मिथिलाका शिरध्वज राजर्षि जनककी पुत्री माता जानकीको विवाह भएको स्मरणमा साताव्यापी रुपमा मनाइने विवाहपञ्चमीको पहिलो दिन नगर दर्शनविधि गरिन्छ । यसमा राम लक्ष्मणको प्रतीकस्वरूप बनाइएको राम लक्ष्मणलाई जनकपुरधाममा नगरदर्शन गराइन्छ ।



विवाहपञ्चमी महोत्सवको दोस्रो आकर्षण भनेको फूलबारी लीला हो । फूलबारी लीलामा राम जानकीको पहिलो भेट गराइन्छ । त्रेतायुगमा भगवान रामको पहिलो भेट भारतको गिरिजा स्थानमा रहेको गिरिजामाई मन्दिरको प्राङ्गणमा रहेको फूलबारीमा भएको जानकार डा. राजेन्द्र बिमल बताउँछन् । यो विधि जानकी मन्दिरकै छेउमै रहेको विवाहमण्डपको फूलबारीमा गर्ने गरिन्छ ।

तेस्रो दिन धनुषयज्ञ हुन्छ । माता सीताले शिवजीको पिनाक धनुषलाई बायाँ हातले उठाएर लिपपोत गरेको देखेर राजा जनक यो धनुषमा प्रत्यञ्चा चढाउन सक्ने वीर पुरुषसँगै आफ्नो छोरीको बिहे गरिदिने बचन लिएर धनुषयज्ञको आयोजन गरिएको संकृतीविद् एवम् पण्डित मुकेश प्रतिहस्त बताउँछन् । त्रेता युगमा धनुषयज्ञको आयोजन रङ्गभूमि मैदान १२ बिघामा भएको जनविश्वास छ । सोही स्मरणमा धनुष यज्ञविधि सम्पन्न गरिन्छ । महोत्सवको चौथो दिन राममन्दिरको प्राङ्गणमा हजारौँ श्रद्धालुबीच तिलकोत्सव विधि सम्पन्न हुन्छ । अयोध्याबाट जन्तीको नेतृत्व गरी आएका रामजन्मभूमि ट्रष्टका महासचिव रायले विवाहपञ्चमी महोत्सवले नेपाल र भारत बीचको प्राचीन सम्बन्धलाई नयाँ स्तरमा अझ बढी प्रगाढ बनाउने काम गर्ने बताए । अयोध्याका नगरप्रमुख त्रिपाठीले विवाहपञ्चमी महोत्सवले नेपाल र भारतको सांस्कृतिक, धार्मिक तथा भावनात्मक एकतालाई प्रगाढ बनाएर जीवन्त बनाउने काम गरेको बताए ।

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले विवाहपञ्चमी महोत्सवको धार्मिकता, पौराणिकता र सांस्कृतिक वैशिष्ठ्यलाई अक्षुण्ण राख्न तथा पर्वप्रति विद्यमान गहिरो आस्था अभिव्यक्त गर्न आज हरेक घरमा दीपोत्सव गर्न जनकपुरधामवासीलाई आह्वान गरेका छन् । उनले विवाहपञ्चमीका दिन एघार वा एक्काइसवटा दीप भए पनि जनकपुरधामका प्रत्येक घरआँगनमा जलाएर रामजानकी विवाहप्रतिको श्रद्धाभक्ति तथा अनुष्ठान परम्परालाई थप भव्य बनाउन आग्रह गरे । देश तथा विदेशका विभिन्न ठाउँबाट मेला भर्न जनकपुरधाम आएका श्रद्धालु भक्तजनलाई आफ्नै घरमा भए पनि बासको व्यवस्थापनमा सघाउन मुख्यमन्त्री सिंहले जनकपुरधामबासीसँग आग्रह गरे ।

मेला हेर्न उत्तर प्रदेशको बोकडाबाट आएका ५८ वर्षीय भोला यादवलेले भने, ‘जनकपुरधामको नाम मात्रै सुनेको थिएँ, आज प्रत्यक्ष हेर्न पाएँ । मन गद्गद् भएको छ ।’ तिलकोत्सवमा जानकी मन्दिरबाट राम मन्दिरमा पाहुर आउँछ । जहाँ जानकी मन्दिरका महन्त र राम मन्दिरका महन्तबीच अङ्कमाल (समधि मिलन) हुन्छ । तिलकोत्सवमा सहभागी महिला रामजानकीको बिहेका गीत गाउँछन् भने हास्यपरिहासको माहौलसमेत हुन्छ । जसरी मिथिलामा सम्धीलाई विभिन्न किसिमको गाली गरिन्छ त्यसरी नै मन्दिरमा समेत दुवै पक्षबाट गालीसहित ठट्टा गरिन्छ ।

राम मन्दिरका महन्त राम गिरीका अनुसार सम्धी मिलन कार्यक्रममा जानकी मन्दिरका उत्तराधिकारी महन्त, पूजारी सहभागी हुने गर्दछन् भने राम मन्दिरबाट महन्त स्वयम्, गुठी संस्थानका प्रतिनिधि तथा स्थानीय युवा क्लबका प्रतिनिधि सहभागी हुन्छन् । महोत्सवको पाँचौँ दिन मटकोर विधि हुन्छ । मटकोर विधिमा माता जानकीको मटकोरका लागि मिथिलाका महिलाले जनकपुरधामकै पवित्र सरोवर रहेको गङ्गासागर पोखरीबाट साँझको समयमा मिथिलाको परम्परा अनुसार गीतनाच गाउँदै माटो खनेर ल्याउने गर्दछन् । सोही माटोबाट विवाहका लागि वेदी तयार गरिन्छ ।

छैँठौ दिन शुक्रबार ऐतिहासिक रङ्गभूमि मैदानमा स्वयम्वर विधि सम्पन्न हुनेछ । शुक्रबार राति वैदिक परम्पराअनुसार वैवाहिक कार्यक्रम सम्पन्न हुनेछ । स्वयम्बरका लागि राम मन्दिर तथा जानकी मन्दिरको डोला रङ्गभूमि मैदान १२ बिघा पुग्ने गर्छ । स्वयम्बरपछि दुबै मन्दिरको डोला शोभा यात्रा गर्दै जानकी मन्दिर पुग्छ जहाँ वैवाहिक कार्यक्रम हुने गर्छ ।

शुक्रबार राति हुने वैवाहिक कार्यक्रममा महिला विवाहका गीत गाउने गर्छन् । विवाहपञ्चमीको सातौँ दिन भारतको अयोध्याबाट जन्तीको रुपमा आएका साधुसन्तलाई भोजन गराउँदै बिदाइ गरिन्छ । यसलाई रामकलेवा भनिन्छ । रामकलेवामा बेहुला पक्षबाट आएकालाई गाली गर्नेसमेत परम्परा रहेको छ । मन्दिरका पूजारी तथा मिथिलाका नारी गीतकै माध्यमबाट गाली गर्ने गर्छन् । जसले अद्भूत वातावरणको निर्माण गर्छ ।

## स्वयम्बर सम्पन्न

जनकपुरधाममा जारी सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको मुख्य दिन शुक्रबार रङ्गभूमि मैदानमा स्वयम्बर कार्यक्रम भएको छ ।

जनकपुरधामको जानकी मन्दिरबाट बाजागाजासहित कडा सुरक्षाबीच निस्केको डोला रङ्गभूमि मैदानमा पुगेपछि राम मन्दिरबाट गएको डोलालाई तीनपटक परिक्रमा गरेर स्वयम्बर सम्पन्न भएको हो । साँझदेखि जानकी मन्दिरको परिसरमा निर्माण भएको आकर्षक विवाहमण्डपमा मिथिला परम्पराअनुसार भगवान् श्रीराम तथा माता सीताको प्रतीकात्मक विवाह हुने जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवले जानकारी दिए ।

तत्कालीन मिथिलाका राजा जनकले गरेको प्रतिज्ञाअनुसार अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र भगवान् श्रीरामले भगवान् शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको थियो ।

त्यसपछि मर्यादा पुरुषोत्तम भगवान् श्रीरामको शुभ विवाह आजैको पावन तिथिमा माता सीतासँग सम्पन्न भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाह पञ्चमी महामहोत्सव आयोजना गर्ने चलन रहेको छ ।

शुक्रबार राति भएको वैवाहिक कार्यक्रममा महिला विवाहका गीत गाउँछन् । विवाहपञ्चमीको सातौँ दिन भारतको अयोध्याबाट जन्तीको रूपमा आएका साधुसन्तलाई भोजन गराउँदै बिदाइ गरिन्छ । रासस

# धार्मिक, सामाजिक सद्भावको गढः गढिमाई मेला



डा. शोभाकर पराजुली


हरेक पाँच वर्षमा एकपटक ‘गढीमाई’को चर्चा परिचर्चा चुलिने गर्छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा बहस हुने यो मेला यसपालि पनि चलिरहेकै छ। हरेक पाँच वर्षमा मङ्सिर १ गतेदेखि सुरु हुने यो मेला एक महिनासम्म चल्छ। मधेसका विभिन्न जिल्लाका ११ स्थानमा यो मेला लाग्छ। तर सबैभन्दा धेरै भने बाराको वरियापुरको गढीमाई मन्दिर चर्चामा रहन्छ।

यो चर्चाको पनि आफ्नै कथाहरू छन्। मन्दिर अनि मेलाका आ–आफ्नै कहानी र किंवदन्तीहरू छन्। मिथक र विश्वासहरू छन्। यो मन्दिरमा हरेक पाँच वर्षमा लाखौं पशुपंक्षीको बली चढान्छ। राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रियरुपमा पनि यही बलीका कारण मन्दिर र मेलाको चर्चा हुने गर्छ। खासगरी पशु अधिकारकर्मीहरूले बलिप्रथाको विरोध गर्छन्। हरेक प्राणीलाई बाँच्ने अधिकार बराबर भएको भन्दै अधिकारकर्मीहरूले बली प्रथा रोक्न सरकारलाई दबाव पनि दिँदै आएका छन्।

सरकारले पनि त्यहीअनुसार बलिलाई व्यवस्थित र नियन्त्रण गर्ने प्रयासहरू गरिरहेको छ। तथापि लाखौं मानिसको आस्था जोडिएका कारण अहिलेसम्म पनि यहाँ बलि रोकिएको छैन। नेपालमात्रै नभएर यो मेलामा छिमेकी भारतका हिन्दू समुदायको पनि उत्तिकै सहभागिता रहन्छ। एक महिनासम्म लाखौं ं मानिसले भरिने यो मेला एकप्रकारको धार्मिक महाकुम्भजस्तै हुन्छ।

खासगरी आदिवासी समुदाय थारुहरूको इतिहास र धार्मिक विश्वास गाँसिएको यो गढीमाई मन्दिर र मेलासँग अहिले हरेक हिन्दूको आस्था पनि उत्तिकै गहिरो छ। खासगरी समाजमा पछि पारिएका थारुहरूले यो मन्दिरलाई आफ्नो पूर्खाको धार्मिक अवयवका रुपमा पनि लिने गरेका छन्। अहिले पनि यो मन्दिरका मूल पूजारी थारु समुदायबाटै हुन्छन्। हालका पूजारी पनि यो मन्दिर स्थापना गर्ने उनै मूल थारुका पुस्ता मानिन्छन्। मन्दिर स्थापनाका पछाडि जोडिएका किम्बदन्तीअनुसार कैद सजाय भोगिरहेका एकजना थारु समुदायका व्यक्ति भगवान दास थारु सपनामा तुलजा भवानी (गढीमाई) को दर्शन पाउँछन्। र, भवानीले एउटा त्रिशुल उनलाई दिएकी हुन्छिन्। कैद भुक्तान गरेर घर फर्किने बेलामा भगवानदासले त्यो त्रिशुल एक ठाउँमा गाडिदिन्छन्। त्यही ठाउँमा मन्दिर बन्छ र त्यसपछि मेलाको सुरुवात हुन्छ। त्यो त्रिशुल गाडिएको स्थान अर्थात् हालको बारा जिल्ला बरियापुरमा बनेको मन्दिरमा रहेको भवानीको मूर्ति आफै स्थापना भएको पनि किंवदन्ती छ।





हिन्दूहरूको आस्थामा रहने शक्तिपीठमध्ये यो पनि एउटा शक्तिपीठ हो। शक्तिपीठहरूको शिवपत्नी सतिदेवीको अङ्गहरू पतन भएको धार्मिक विश्वास पनि छ। अर्को किंवदन्तीअनुसार भगवान विष्णुले राक्षसहरूको बध गर्न देवीको रुप धारण गरेका थिए। देवीले रक्षसहरूको बध गर्छिन् र युद्धबाट थाकेर उनी त्यहाँको जंगलमा आराम गर्न पुगेकी थिइन्। त्यसैले त्यहाँ उनको मूर्ति आफैँ उत्पन्न भएको भन्ने पनि पौराणिक मान्यता छ। त्यसबेलादेखि यिनै थारु परिवारले मन्दिरको संरक्षण, संवद्र्धन र देवीको पूजाआजा गर्दै आएको र उनका सारा पुस्ता कोही न कोही यो मन्दिरमा जोडिने गरेको जनश्रुतीहरू पनि स्थापित भएका छन्। जे जस्तो भए पनि गढीमाई देवीलाई साक्षात् देवीको प्रतीकका रुपमा लिइन्छ। त्यसैले अरु शक्तिपीठभन्दा यो मन्दिरको महत्व अझ बढ्न गएको पाइन्छ।

यो पौराणिक परिघटना लगभग १७ औं शताब्दीतिर भएको मानिन्छ। त्यस हिसाबले यो मन्दिर र मेलाको इतिहास लगभग चार सय वर्ष पुरानो छ। सदियौं पुरानो इतिहास र मान्यताहरूलाई कति विश्वास गर्ने ? त्यो व्यक्तिगत स्वतन्त्रताको कुरा हो। तथापि, गढीमाई विश्वका आम हिन्दूको धार्मिक आस्थामा गहिरोसँग गाँसिएको छ। नेपालमै रहेका अरु मन्दिरहरूको तुलनामा यो मन्दिर औसत हो।

तर यहाँको धार्मिक विश्वास र आस्था भने धेरै अग्लाअग्ला छन्। प्यागोडा शैलीमा निर्माण भएको यो मन्दिरको मूर्ति कसले र कहिले स्थापना भयो ? वा आफैँ उत्पन्न भयो कि कसैले बनाएर राखेको हो भन्नेबारे अहिले पनि मत अभिमतहरू बाझिन्छन्। तथापि यो शक्तिपीठसँग गाँसिएका फरक मान्यता र आस्थाका कारण यसको धार्मिक भव्यता अरु भन्दा निकै पृथक छ। हरेक पाँच वर्षमा लाग्ने यो मेलाको एक महिने अवधिमा हजारौं पशुपंक्षीको प्राण चढाइन्छ। तर त्योभन्दा अघि उनै मन्दिरका संस्थापकका पुस्ता अर्थात् मूल पूजारी आफैँले नरबली दिने प्रचलन छ। त्यो भनेको मान्छेकै बलिको नाउँमा शरीरका विभिन्न पाँच अङ्गको रगत निकालेर मूर्तिमा चढाइन्छ। त्यसपछि मुसा, बोका, परेवा, कुखुरा अनि राँगाको बलि चढाइएपछि बल्ल सर्वसाधारणले आफ्नो भाकल, इच्छा र हैसियतअनुसार पशुबलि चढाउँछन्। त्यसमध्ये सबैभन्दा बढी राँगाको बलि चढाइन्छन्। यकिन तथ्य र तथ्याङ्कहरू नभए पनि यहाँ हरेक वर्ष ३० देखि ४० हजार राँगाहरूको बलि चढाइन्छ। अरु पशुपक्षीको खासै गणना रहँदैन।





धर्म भनेको हरेक व्यक्तिको आफ्नै मौलिक र निजी स्वतन्त्रताको कुरा हो। त्यसैले नेपाल पनि धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनेर संविधानमै लेखिएको छ। यो वैयक्तिक स्वतन्त्रता कतै–कसैबाट हनन् हुनुहुँदैन। यो एउटा मानवअधिकारको पनि कुरा हो। अनि धर्म भनेको धारण पनि हो। त्यो भनेको हरेक प्राणीको जीवनको आफ्नो शैली, स्वभाव र अनुशासन हो। हरेक धर्मका आआफ्नै महत्व छन्। विश्वास र आस्था छन्। आफ्ना मान्यताहरू छन्। कुनै धर्म र आस्थाको महानता अर्कोसँग तुलना हुँदैन र हुनुहुँदैन। यो मेलाका क्रममा हजारौं प्राणको ज्यान हरण हुने गरेको भन्दै विरोध र आलोचना हुँदै आएको छ। हरेक प्राणीलाई मान्छेजस्तै स्वतन्त्र बाँच्ने अधिकार रहन्छ र हुन्छ नै। तर एउटा आस्था, विश्सार र धारणाले बाँधिएको यो प्राकृतिक चक्रलाई त्यहीअनुसार स्वीकार गर्नुपर्छ। शिक्षा र चेतनाको विकाससँगै यस्ता मान्यताहरू विस्तारै स्थापित हुँदै जान्छन्। यद्यपि अहिले विश्वभरि नै पशुअधिकारका लागि कैयौँ अभियानहरू चलिरहेका छन्। कतिपय देशहरूले पशुअधिकारको कानुनसमेत बनाइसकेका छन्। नेपालले पनि विस्तारै पशु अधिकारका लागि कानुनहरू बनाउने, बलिप्रथा व्यवस्थित र नियन्त्रण गर्दै लैजाने जस्ता कामहरू क्रमिक रुपमा गर्दै आएको छ।

जे जस्तो भए पनि गढीमाई पनि त्यस्तै एउटा समूह र समुदायको आस्थाको एउटा केन्द्र हो। कुनै एउटा समुदायको पुस्तैनी इतिहास गाँसिए पनि यो मन्दिर र मेलाको महत्वलाई आम समुदायले नै अपनत्व पाइन्छ। पञ्चवर्षीय यो मेलामा हरेक व्यक्ति, समुदाय र वर्गका बीच आपसी मेलमिलाप, सद्भाव र प्रेमभाव प्रकट भएको देखिन्छ। त्यसैले यो मेला एकप्रकारले भन्ने हो भने धार्मिक र सामाजिक सद्भावको एउटा उत्कृष्ट सङ्गम पनि हो। रासस

# यी हुन भारतका १० भन्दा बढी ठाउँमा रहेको 'मन्दिर–मस्जिद' विवाद

अयोध्यामा रामजन्मभूमि आन्दोलन उत्कर्षमा हुँदा चर्को नारा लगाइएको थियो ।

***'अयोध्या तो झाँकी है, अभी काशी–मथुरा बाँकी है ।'***

*यसको तात्पर्य के थियो भने रामजन्मभूमि विवाद समाप्त भएपछि काशीको ज्ञानवापी मस्जिद र मथुराको शाही इदगाह मस्जिदमा पनि मन्दिरको दाबी विस्तार हुनेछ । २०१९ मा, भारतको सर्वोच्च अदालत(सुप्रिम कोर्ट)ले अयोध्याको राम मन्दिर र बाबरी मस्जिदको मामिलामा आफ्नो फैसला सुनाएको थियो । हाल कम्तीमा १२ धार्मिक स्थल तथा स्मारकहरु विरुद्ध यस्तो मुद्दा चलिरहेको छ ।*

*यस्ता घटनामा अहिले रहेका मस्जिद, दरगाह, मन्दिर भत्काएर निर्माण गरिएका सम्पदाहरुका बारेमा हिन्दू धर्मावलम्बीलाई हस्तान्तरण गर्न माग गरिएको छ । यसका लागि प्रमाण सङ्कलन गर्न सर्वेक्षणको माग पनि छ ।*

*अर्कोतर्फ, यी मामिलाहरूमा मुस्लिम पक्षले सामान्यतया त्यस्ता मुद्दाहरू पूजा स्थल ऐन–१९९१ विरुद्ध जाने बताउँछ । काशी र मथुराका घटनाहरू धेरै चर्चामा छन् तर हालै, सम्भलको जामा मस्जिद पनि हेडलाइनमा थियो । यहाँ सर्वेक्षणका क्रममा भएको हिंसामा पाँच जनाको मृत्यु भएको छ ।*

*जब सर्वोच्च अदालतमा सम्भल मुद्दाको सुनुवाइ भइरहेको थियो, मुस्लिम पक्षका वरिष्ठ अधिवक्ता हुजेफा अहमदीले पनि देशमा कम्तिमा १० वटा विवादास्पद मुद्दा चलिरहेको अदालतलाई बताए । मस्जिद–मन्दिर मुद्दामा संलग्न सर्वोच्च अदालतका अधिवक्ता फुजैल अहमद अयुबीले यो कुरा पुष्टि गरे ।*

## जामा मस्जिद र शेख सलीम चिश्तीको दरगाह– फतेहपुर सिकरी, उत्तर प्रदेश



फतेहपुर सिकरी आगराबाट ४० किलोमिटर टाढा छ । यहाँ सोह्रौं शताब्दीमा बनेको जामा मस्जिद छ, जस भित्र सुफी सन्त सलिम चिश्तीको दरगाह पनि छ । २०२४ मा, अधिवक्ता अजय प्रताप सिंहले आगराको एक अदालतमा मुद्दा दायर गरेका थिए । उनले सलिम चिश्तीको दरगाह कामाख्यादेवीको मन्दिरमा बनेको दाबी गरे । यो दरगाह सोह्रौं शताब्दीमा बनेको तर त्यसअघि त्यहाँ मन्दिर रहेको उनले बताए । यसअघि पनि अजय प्रताप सिंहले आगराको जामा मस्जिद मुनि कटरा केशव देवको मूर्ति रहेको भन्दै आगरा अदालतमा अर्को मुद्दा दायर गरेका थिए । उनीहरुको माग मस्जिद र दरगाहको ठाउँ हिन्दूहरुलाई दिनु पर्छ । मुद्दा हाल विचाराधीन छ । विपक्षमा उत्तर प्रदेश सुन्नी केन्द्रीय वक्फ बोर्ड, दरगाह र मस्जिद व्यवस्थापन समिति छ ।

## कमल मौला मस्जिद– धार, मध्य प्रदेश

हिन्दू फ्रन्ट फर जस्टिस नामक संगठनले मध्य प्रदेश उच्च अदालतमा याचिका दायर गरेको छ । मस्जिदको निर्माण तेह्रौंदेखि चौधौं शताब्दीमा अलाउद्दीन खिल्जीको शासनकालमा शुरु भएको बताइएको छ । त्यतिबेला भोजशाला वाग्देवीको मन्दिर थियो, जसलाई भत्काएर मस्जिद बनाएको संगठनको भनाइ छ । २०२२ को याचिकामा भारतीय पुरातत्व सर्वेक्षणले मस्जिदमा सर्वेक्षण गर्न माग गरेको थियो । मार्च २०२४ मा, उच्च अदालतले यस सर्वेक्षणको लागि अनुमति दियो । त्यसपछि सर्वेपछि सर्वोच्चको आदेशविना मस्जिदमा छेडछाड नगर्न आदेश दिएको थियो । यो मुद्दा अझै विचाराधीन छ र यहाँ भारतीय पुरातत्व सर्वेक्षणको सर्वेक्षण पूरा भएको छ ।

## टिले वाली (माउन्ड) मस्जिद– लखनऊ, उत्तर प्रदेश



यो २०१३ देखि चलिरहेको पुरानो मामला हो । भगवान शेषनागेश तिलेश्वर महादेव विराजमानको नाममा मुगल शासक औरंगजेबले हिन्दू धर्मस्थल भत्काएर यो मस्जिद बनाएको भन्दै निवेदन दायर गरिएको थियो ।

२०१७ मा, लखनऊ सिभिल न्यायाधीशले फैसला सुनाए कि मुद्दा सुनुवाइ हुन सक्छ र पूजा स्थल अधिनियम १९९१ को विरुद्ध जाँदैन ।

यस विषयमा इलाहाबाद उच्च अदालतमा अपील अझै विचाराधीन छ ।

## बाबा बुदनगिरी दरगाह– चिकमंगलूर, कर्नाटक

चिकमंगलुरको बाबा बुदनगिरीमा सुफी संत दादा हयात (बाबा बुदान) को दरगाह छ । साथै हिन्दूहरुको दत्तात्रेय मन्दिर पनि छ ।

यो ठाउँलाई सामान्यतया दक्षिणको अयोध्या पनि भनिन्छ । सन् १९७० को दशकमा यो ठाउँ कर्नाटक सरकारले वक्फ बोर्डलाई दिएको थियो । त्यसपछि यो कुरालाई लिएर निकै विवाद भयो र मुद्दा अदालतसम्म पुग्यो । १९८० मा, अदालतले भन्यो कि यो वक्फको सम्पत्ति होइन र यहाँ हिन्दू र मुस्लिम दुवै प्रार्थना गर्दछन् । यो मुद्दा कर्नाटक उच्च अदालतमा अझै विचाराधीन छ । २०२१ मा, भारतीय जनता पार्टीका विधायक सीटी रविले भनेका थिए कि यो पूजास्थलमा हिन्दूहरूको मात्र अधिकार छ ।

## कुतुबमिनार, दिल्ली



दिल्लीको प्रसिद्ध कुतुबमिनारमा रहेको कुव्वात–उल–इस्लाम मस्जिदलाई लिएर पनि विवाद छ । अधिवक्ता विष्णु शंकर जैनले दायर गरेको याचिकामा धेरै हिन्दू मन्दिर भत्काएर भित्र मस्जिद बनाएको उल्लेख गरिएको छ । उनले त्यहाँ हिन्दूहरूलाई पुनः पूजा गर्न अनुमति पनि मागे । २०२१ मा, एक नागरिक अदालतले विगतमा भएका गल्तीहरूले वर्तमान र भविष्यको शान्तिलाई खलल पार्न नसकिने भन्दै यो निवेदन खारेज गरेको थियो । तर यो निर्णयलाई चुनौती दिँदै पुनरावेदन दायर गरियो जुन अझै विचाराधीन छ ।

## जुम्मा मस्जिद, मेंगलुरु, कर्नाटक





मेंगलुरुको जुम्मा मस्जिद पनि केही वर्षदेखि विवादमा रहेको छ ।

२०२२ मा, कर्नाटकको एक अदालतले विश्व हिन्दू परिषदका एक सदस्यले दायर गरेको याचिकामा भनेको थियो कि यो पूजा स्थल कानूनको विरुद्धमा जान सक्दैन । विश्व हिन्दू परिषदले मस्जिद मुनि मन्दिर रहेको भन्दै सर्वेक्षणको माग गरेको थियो । उक्त मुद्दा हाल मेंगलुरु जिल्ला अदालतमा विचाराधीन छ । यी सबै बाहेक अन्य धेरै मुद्दा अदालतमा विचाराधीन छन् ।

# जामा मस्जिद – सम्भल, उत्तर प्रदेश




यो प्रकरण पछिल्ला दिनमा निकै चर्चामा छ । अधिवक्ता विष्णु शंकर जैनले नोभेम्बर २०२४ मा, एक याचिकामा भने कि जामा मस्जिद भगवान कल्किको अवतार श्री हरिहर मन्दिरलाई भत्काएर निर्माण गरिएको थियो । यसपछि अदालतले आयुक्त नियुक्त गरी सर्वेक्षण गराएको थियो । सर्वेक्षण प्रतिवेदन तल्लो अदालतमा पेस गरिएको छ । त्यसको पुनरावेदन अझै सर्वोच्च अदालतमा विचाराधीन छ ।

कात्तिक २९ गते भएको सुनुवाइमा सर्वोच्चले सर्वेपछिको प्रतिवेदनलाई सिल गरेर राख्न र उच्च अदालतको अनुमतिबिना यस मुद्दामा थप केही गर्न नहुने भनेको थियो ।

## अब के हुन्छ ?

यी घटनाहरू बाहेक, त्यहाँ अन्य धेरै पूजा स्थलहरू छन् जुन विवादास्पद छन् । धेरै मस्जिद–मन्दिरका मुद्दामा संलग्न विष्णुशंकर जैनले विगतमा भत्किएका सबै मन्दिरको पुनर्निर्माणका लागि मुद्दा दायर गर्ने आफ्नो उद्देश्य रहेको यसअघिका धेरै अन्तर्वार्तामा भनेका छन् ।

पश्चिम बंगालको माल्दामा रहेको आदिना मस्जिदलाई पनि मन्दिर भत्काएर निर्माण गरिएको दाबी गरिएको छ । मध्य प्रदेशको बिजमण्डल मस्जिदलाई लिएर पनि केही समयदेखि विवाद चलिरहेको छ । जब भारतीय पुरातत्व सर्वेक्षणले यो मस्जिद हो भन्यो, अगस्त २०२४ मा त्यहाँका एक वकिलले उनीहरूलाई कानुनी सूचना पठाए । उनले यो मन्दिर भएको दाबी गरे । अजमेर दरगाह मुद्दा दायर गर्ने विष्णु गुप्ताले यसअघि आफ्नो अर्को याचिका दिल्लीको जामा मस्जिदविरुद्ध हुने बताएका थिए । बिबिसी हिन्दीको सहयोगमा

# अटाला मस्जिद– जौनपुर उत्तर प्रदेश



उत्तर प्रदेशको जौनपुरमा पनि यस्तै भएको छ । यहाँ अटाला माताको मन्दिर भत्काएर अटाला मस्जिद बनेको निवेदकको दाबी छ । अटाला मस्जिद १४०८ मा निर्माण गरिएको थियो । २०२४ मा हिन्दू संगठन स्वराज वाहिनीले जौनपुरमा एक याचिकामा भन्यो कि फिरोज शाह तुगलकले हिन्दू मन्दिर भत्काएर यो मस्जिद बनाएका थिए । यो याचिकाको उत्तर प्रदेश सुन्नी केन्द्रीय वक्फ बोर्डले विरोध गरेको छ । अक्टोबर २०२४ मा, जौनपुरको एक सिभिल अदालतले मथुरा र ज्ञानवापीका मन्दिर–मस्जिद मुद्दाहरू जस्तै अटाला मस्जिद मुद्दाहरू पनि सुनुवाइ गर्न आदेश दियो ।

# शम्सी जामा मस्जिद, बदायुं, उत्तर प्रदेश

यो मस्जिद तेह्रौं शताब्दीमा दिल्ली सल्तनतका शमसुद्दीन इल्तुतमिशले बनाएका थिए । २०२२ मा, बदायुं जिल्ला अदालतमा, अखिल भारतीय हिन्दू महासभाका संयोजक मुकेश पटेलले आफ्नो याचिकामा भने कि यस मस्जिदको ठाउँमा नीलकण्ठ महादेवको मन्दिर थियो, जसलाई हटाइयो र यो मस्जिद बनाइएको हो ।

निवेदकको माग छ कि उनीहरूलाई यसमा पूजा गर्न दिइयोस् । मस्जिद व्यवस्थापन समिति र उत्तर प्रदेश सुन्नी केन्द्रीय वक्फ बोर्ड पनि यस याचिकामा पक्षहरू छन्, जसले यो मुद्दा अदालतमा सुनुवाइ गर्न नसकिने बताए । मुस्लिम पक्षको दावी छ कि यो मुद्दा पूजा स्थल अधिनियम १९९१ को विरुद्ध जान्छ । यस मुद्दामा डिसेम्बरमा सुनुवाइ शुरु हुँदैछ ।

# ज्ञानवापी मस्जिद – वाराणसी, उत्तर प्रदेश



वाराणसीको ज्ञानवापी मस्जिद विरुद्ध सन् १९९१ देखि मुद्दा चलिरहेको थियो तर २०२१ मा नयाँ केस आएपछि मुद्दा तिब्र गतिमा अगाडि बढिरहेको छ । धेरै तरिकामा, यो मुद्दा सबै विचाराधीन मन्दिर–मस्जिद मामिलाहरूमा भन्दा तिब्रगतिाम अगाडी बढिरहेको छ । यस सम्बन्धमा भगवान विश्वेश्वरका भक्तहरूले सन् १९९१ मा मुद्दा दायर गरेका थिए । त्यसपछि २०२१ मा, पाँच महिलाले अर्को याचिका दायर गरे, जसमा उनीहरूले मस्जिदमा पूजा गर्न अनुमति मागेका थिए र यो पनि भने कि मस्जिदमा माँ शृंगार गौरी, भगवान गणेश र भगवान हनुमान जस्ता धेरै देवताहरूको मूर्तिहरू छन् जसको सुरक्षा गर्नुपर्छ । मुगल शासक औरंगजेबले मन्दिर भत्काएर यो मस्जिद बनाएको याचिकाकर्ताको भनाइ छ । यस मामिलामा दुईवटा सर्भे गरिएको छ – एउटा अदालतले र अर्को भारतीय पुरातत्व सर्वेक्षणले । वाराणसी जिल्ला अदालतको फैसलापछि २०२४ फेब्रुअरीदेखि मस्जिदको तहखानेमा पूजा पनि शुरु भएको छ । २०२३ मा, इलाहाबाद उच्च अदालतले भन्यो कि यी याचिकाहरू पूजा स्थल कानुन विरुद्ध छौनन् । अहिले पनि यी सबै मुद्दा अदालतमा विचाराधीन छन् ।

# शाही इदगाह मस्जिद– मथुरा, उत्तर प्रदेश



मथुराको शाही इदगाह मस्जिद भगवान कृष्णको जन्मस्थलमा बनेको हो भनी कतिपयको दाबी छ ।

२०२० मा, छ जना भक्तहरूले अधिवक्ता रञ्जना अग्निहोत्रीको तर्फबाट मस्जिद हटाउन माग गर्दै याचिका दायर गरे ।

अब यस मामलामा १८ याचिकाहरू छन् ।

अगस्ट २०२४ मा, इलाहाबाद उच्च अदालतले भन्यो कि यी याचिकाहरू पनि पूजा स्थल अधिनियम १९९१ विरुद्ध जाँदैनन् ।

२०२३ मा, उच्च अदालतले मस्जिदको सर्वेक्षण गर्न सक्रे अदालत आयुक्त नियुक्त गरेको थियो, तर जनवरी २०२४ मा सर्वोच्च अदालतले यसमा अन्तरिम रोक लगाएको थियो, जुन अझै लागू छ । यसको अर्को सुनुवाई डिसेम्बर २०२४ मा सुप्रीम कोर्टमा हुनेछ ।

# अजमेर शरीफ दरगाह, राजस्थान



यो वर्ष हिन्दू सेनाका राष्ट्रिय अध्यक्ष विष्णु गुप्ताले राजस्थानको अजमेर सहरमा रहेको सुफी संत ख्वाजा मोइनुद्दीन चिश्तीको दरगाहमा रहेको अजमेर बारे स्थानीय अदालतमा निवेदन दिएका छन् । दरगाह मुनि शिव मन्दिर रहेको उनीहरुको दाबी छ । विष्णु गुप्ताले आफ्नो निवेदनमा भारतीय पुरातत्व विभागबाट सर्वेक्षणको माग गर्दै दरगाहको स्थानमा मन्दिर पुनर्निर्माण गर्नुपर्ने बताएका छन् । निवेदनको सुनुवाई गर्दै अजमेर पश्चिमका सिभिल न्यायाधीश मनमोहन चन्देलको इजलासले अल्पसंख्यक मामिला मन्त्रालय, दरगाह समिति र भारतीय पुरातत्व सर्वेक्षण (एएसआई) लाई नोभेम्बर २७ मा नोटिस जारी गरेको छ । यसको अर्को सुनुवाई डिसेम्बर २० मा हुनेछ ।

# युट्युब किन र कसरी टिभी च्यानलहरूको लागि ठूलो खतरा बनिरहेको छ ?

*यस वर्षको जुलाई महिनाले युट्युबका लागि खुसीको खबर ल्याएको छ । पहिलो पटक, अमेरिकाका मानिसहरूले टिभी वा चलचित्रहरू हेर्न भन्दा युट्युबमा बढी समय बिताए । युट्युबले डिज्नी, प्यारामाउन्ट, फक्स च्यानल, नेटफ्लिक्स र अमेजन जस्ता ओटीटी प्लेटफर्महरूलाई पनि पछाडि छोड्यो । तर, आउँदै गरेको केही महिनामा, युट्युब फेरि दोस्रो स्थानमा झर्यो, डिज्नी र डीसी प्लेटफर्महरू पछि पछि । विश्वमा युट्युबको लोकप्रियता बढ्दै गएको छ । बेलायतमा १६ देखि २४ वर्ष उमेर समूहका ५० प्रतिशत मानिसहरूले टेलिभिजनमा कार्यक्रमहरू भन्दा युट्युब हेर्न रुचाउँछन् ।*

*मार्क बर्गन, ब्लूमबर्ग टेक्नोलोजी पत्रकार र युट्युबको बारेमा पुस्तक, 'लाइक, कमेन्ट एण्ड सब्सक्राइबः युट्युब क्योटिक राइज टू वर्ल्ड डाइमेन्सन' को लेखक भन्छन्, 'मानिसहरूले युट्युबमा विभिन्न प्रकारका सामग्री पाउँछन् ।' 'लगभग तीन अर्ब मानिसहरूले हरेक महिना विश्वभर युट्युब हेर्छन् । यी मानिसहरूमध्ये अधिकांश २५–२५ वर्षको बीचका छन्, यसको मतलब तिनीहरू मुख्य टिभी दर्शकहरू भन्दा कम उमेरका छन् । यो अब एप्स, भिडियो गेम कन्सोल र स्मार्ट टिभीहरूमा उपलब्ध छ ।'*

### युट्युब २००५ मा सुरु भयो

अनलाइन भिडियो साझेदारी प्लेटफर्म युट्युब २००५ मा शुरु भएको थियो र यसमा अपलोड गरिएको पहिलो भिडियो मात्र १९ सेकेन्ड लामो थियो, जुन यसको सह–संस्थापकले क्यालिफोर्नियाको सान डिएगोमा रहेको प्राणी संग्रहालय भित्र घुमिरहेको बेला रेकर्ड गरेका थिए ।

त्यसको एक वर्षपछि गुगलले १.६५ बिलियन डलरमा युट्युब किनेको थियो । भारतमा युट्युब सबैभन्दा धेरै हेरिएको छ जहाँ करिब ४० करोड मानिस युट्युब हेर्छन् । अब युट्युब सय भन्दा बढी देशहरूमा उपलब्ध छ । मार्क बर्गनका अनुसार ब्राजिल र इन्डोनेसियालगायत धेरै नयाँ उदीयमान बजारहरूमा युट्युबले टिभी च्यानलहरू मात्रै बदलेको छैन, त्यहाँको मनोरञ्जन र समाचारको मुख्य स्रोत पनि बनेको छ । मार्क बर्गन भन्छन् कि युट्युब तीन चरणहरूमा विकसित भयो ।

उनी भन्छन्, 'युट्युबका एक पूर्व अधिकारीले मलाई भनेका थिए कि कम्पनीको मन्त्र थियो 'चुनौती, मजाक वा सत्य ?' यसअघि मनोरञ्जन क्षेत्र र विज्ञापन कम्पनीहरूले युट्युबलाई गम्भीरतापूर्वक लिएका थिएनन् ।

त्यसपछि युट्युबको दोस्रो चरण शुरु भयो जसमा यो हलिउड, टिभी उद्योग, नेटफ्लिक्स र अमेजनका लागि खतरा बनेको थियो । 'यसले आफ्नै मौलिक शोहरू बनाउन थाल्यो र नेटफ्लिक्स जस्तै उपभोक्ताहरूबाट सदस्यता शुल्क लिन थाल्यो ।'

बर्गनका अनुसार २०१६ मा युट्युबले मौलिक र महँगो सामग्री बनाउन थाल्यो । तर यसले नेटफ्लिक्स जस्ता कम्पनीको लगानीसँग प्रतिस्पर्धा गर्न सकेन र २०२२ मा आफ्नो विभाग बन्द गर्यो । अब यो नयाँ चरणमा, युट्युबले आफ्नो स्थान धेरै बलियो बनाएको छ । मार्क बर्गन भन्छन् कि अब मानिसहरू युट्युबलाई उपयोगिता प्लेटफर्मको रूपमा प्रयोग गर्छन् । उदाहरणका लागि, खाना बनाउनदेखि लिएर कुनै पनि चीज मर्मत गर्ने भिडियोहरू हेर्न प्रयोग गरिन्छ । मानिसहरूलाई चाहिने अधिकांश भिडियोहरू यहाँ सजिलै उपलब्ध छन् । युट्युबका आफ्नै स्टारहरू छन् जसको लोकप्रियता हलिउड स्टारहरू भन्दा कम छैन ।

२६ वर्षीय कन्टेन्ट क्रिएटर मिस्टर बिस्टको युट्युब च्यानलले यस वर्षको जुनमा भारतीय संगीत लेबल टी–सिरिजको च्यानललाई उछिनेको छ । उनका ३२ करोड सब्सक्राइबर छन् । युट्युब र यसका प्रख्यात सामग्री सिर्जनाकर्ताहरूले विज्ञापनहरू मार्फत पनि आम्दानी गर्छन् । उनीहरुको च्यानलमा विज्ञापन आउँदा पैसा पाउँछन् । मार्क बर्गनले भने, 'विज्ञापन कम्पनीहरूले आफ्नो विज्ञापन प्रसारण गर्न तिर्ने रकमको ४५ प्रतिशत युट्युब कम्पनीले राख्छ र बाँकी रकम ती च्यानल वा सामग्री सिर्जनाकर्ताहरूलाई दिन्छ ।'

'जब उनले २००७ मा यो दृष्टिकोण अपनाए, यो एकदमै नयाँ र जोखिमपूर्ण विचार थियो तर यो उनको सफलताको प्रमुख कारण साबित भयो ।' केही सेवाहरू बाहेक, युट्युबका अधिकांश सेवाहरू निःशुल्क छन् । युट्युबले प्रमाणित गर्यो कि जो कोही पनि स्टार बन्न सक्छ । मार्क बर्गन भन्छन् कि ठूलो संख्यामा भिडियोहरू अपलोड भइरहेको छ जसका कारण तिनीहरूमाथि नियन्त्रण पनि एक समस्या बनेको छ । यदि युट्युब नियन्त्रण बाहिर गइरहेको सरकारलाई लाग्छ भने त्यसमा खतरा हुन सक्छ ।

### युट्युबको सामग्री निगरानी

'हाउ युट्युब शुक अप टिभी एन्ड क्रिएटेड ए न्यू जेनेरेसन अफ स्टार्स' पुस्तकका पत्रकार र लेखक क्रिस स्टोकेल वाकरले धेरै देशहरूमा टिभी प्रसारकहरूले काम गर्ने कानुनको दायराभन्दा बाहिर राखिएको बताए । अर्थात्, टिभि नेटवर्कहरूमा लागू हुने कडा सम्पादकीय नियमहरू युट्युबको सामग्रीमा लागू हुँदैन । यो बुझ्नको लागि हामीले इतिहासलाई हेर्नुपर्नेछ, जब युट्युब आउनुभन्दा धेरै वर्षअघि सन् १९९६ मा अमेरिकी सूचना तथा सञ्चार विभागले प्राविधिक कम्पनीहरूलाई प्रवर्द्धन गर्नको लागि डिसेन्सी ऐन वा डेसेन्सी कानूनलाई परिमार्जन गरी धारा २३० थपेको थियो । यसको उद्देश्य टेक्नोलोजी कम्पनीहरूलाई मुद्दाबाट जोगाउनु थियो किनभने तिनीहरूसँग उनीहरूको प्लेटफर्ममा प्रसारण भइरहेको सामग्री निगरानी गर्न पर्याप्त व्यक्ति वा पैसा थिएन ।




तर, युट्युबमा आपत्तिजनक सामग्री वा सामग्री अपलोड गर्ने वा आपत्तिजनक टिप्पणी गर्ने विरुद्ध मुद्दा दायर गर्न सकिन्छ । अहिले टेक्नोलोजी कम्पनीहरूको आम्दानी अर्बौं डलर पुगेको छ तर पनि उनीहरूलाई कानुनी संरक्षण दिइएको छ । क्रिस स्टकल वाकर भन्छन् कि यी कम्पनीहरूले बीस वर्षदेखि यो छुट पाएका थिए र अब हामीले यसको नतिजाबारे सोच्न थालेका छौं । अब प्रतिलिपि अधिकार र अन्य विषयमा युट्युबजस्ता कम्पनीको जिम्मेवारी तोक्ने कानुन बनेको छ ।

सन् २०१९ मा, गुगल र युट्युबले तेह्र वर्षभन्दा कम उमेरका बालबालिकाको डाटा उनीहरूका अभिभावकको अनुमति बिना सङ्कलन गरेकोमा मुद्दा दायर गरिएको थियो र सम्झौताको एक भागको रूपमा यी कम्पनीहरूले रेकर्ड ४१७० मिलियन तिरेका थिए । क्रिस स्टकल वाकर पनि भन्छन् कि यी कम्पनीहरू संसारभर फैलिएका छन् र कुनै एक देशको अधिकार क्षेत्रमा छैनन् जसको फाइदा लिन्छन् । तर, धेरै ठाउँमा उनी सरकारको निशानामा पनि छन् । क्रिस स्टोकेल वाकरले भने, 'उदाहरणका लागि, मध्य पूर्वका धेरै देशहरूमा, युट्युबलाई प्रतिबन्धित गरिएको छ वा आलोचना गरिएको छ किनभने यसमा यौन, यौन हिंसा र लागूपदार्थ दुर्व्यसनसँग सम्बन्धित भिडियोहरू छन् जुन पश्चिममा यो धेरै आपत्तिजनक छैन, तर यो मध्यपूर्व देशहरूको संस्कृति विरुद्ध हो । भर्खरै, युरोपेली संघले अनलाइन सुरक्षा सुनिश्चित गर्न र टेक्नोलोजी कम्पनीहरूको प्रतिस्पर्धा विरोधी व्यवहारलाई रोक्न दुई नयाँ कानूनहरू पनि लागू गरेको छ । तर युट्युबमा ठूलो संख्यामा सामग्री अपलोड भइरहेकाले ती कानुन लागू गर्न समस्या छ । क्रिस स्टोकेल वाकर भन्छन् कि युट्युबमा हरेक मिनेट पाँच सय घण्टाको सामग्री अपलोड हुन्छ ।

यसको अनुगमनमा धेरै कठिनाइहरू छन् । कम्पनीको आफ्नै नियम र निर्देशनहरू छन् कि युट्युबमा कुन प्रकारको सामग्री अपलोड गर्न सकिन्छ र कुन हुन सक्दैन । उदाहरणका लागि, घृणित सामग्री र टिप्पणीहरू निषेधित छन्, र यी नियमहरू पालना नगर्ने प्रयोगकर्ताहरूलाई चेतावनी वा प्रतिबन्ध पनि लगाइन्छ । धेरै पटक यस्ता सामग्रीको विज्ञापन रोकिन्छ जसका कारण सामग्री निर्माताले पैसा पाउँदैनन् । क्रिस स्टकल वाकर भन्छन् कि सरकारहरूले अझै पनि युट्युब जस्ता प्रविधि कम्पनीहरूलाई नियन्त्रण गर्न धेरै चुनौतीहरू सामना गर्छन्, जसमध्ये एउटा प्रभावकारी कानून बनाउन ढिलाइ हो ।




### के टिकटक युट्युबको लागि चुनौती हो ?

अमेरिकाको कार्नेगी मेलन युनिभर्सिटीका सूचना प्रणालीका प्रोफेसर राहुल तेलंग भन्छन् कि पहिले टिभी उद्योगले युट्युबले उनीहरूका लागि खतरा निम्त्याउन सक्छ भन्ने सोचेको थिएन तर अहिले यो हलिउडदेखि नेटफ्लिक्स र डिज्नीसम्मका धेरै च्यानलहरूको बलियो प्रतिस्पर्धी बनेको छ । उनी भन्छन्, 'युट्युबको सबैभन्दा ठूलो फाइदा यो हो कि यसले आफ्ना प्रयोगकर्ताहरूले सिर्जना गरेको सामग्री उपलब्ध गराउँछ जसले के प्रचलनमा हुन्छ वा लोकप्रिय हुन्छ र के हुँदैन भनेर सोच्नुपर्दैन ।' 'जबकि टिभी कम्पनीहरू र ओटीटी प्लेटफर्महरूले यस बारे धेरै सोच्नु पर्छ किनभने तिनीहरूले आफ्नो सामग्रीमा धेरै पैसा लगानी गर्नुपर्छ । यसले समय लिन्छ र कहिलेकाहीँ मानिसहरूलाई त्यो सामग्री मनपर्दैन । तर युट्युबमा यो समस्या छैन । यसको मतलब युट्युबले कुनै जोखिम लिदैन ।' दोस्रो महत्त्वपूर्ण कुरा यो हो कि युट्युबलाई हामीले के हेरिरहेका छौं भनेर राम्ररी थाहा छ । राहुल तेलंग भन्छन् कि नेटफ्लिक्स वा अन्य परम्परागत टेलिभिजन च्यानलहरू मात्र सामग्री सिर्जना र प्रस्तुत गर्छन् । तर युट्युबलाई थाहा छ कि हामीले विगतमा के हेरेका छौं र हामीलाई के मन परेको छ । यही जानकारीका आधारमा विज्ञापन पनि दिन्छ र नयाँ भिडियो सुझाव पनि दिन्छ । यसको मतलब अन्य स्ट्रिमिङ प्लेटफर्महरू र परम्परागत टिभीको तुलनामा, यो दर्शकहरूसँग धेरै जोडिएको छ । तर युट्युबको एउटा कमजोरी यो हो कि यसले अन्य च्यानलजस्तै महँगो नाटक बनाउँदैन न ठूला खेलकुद प्रतियोगिताहरू प्रसारण गर्छ । एकै साथ, टिभी र स्ट्रिमिङ प्लेटफर्महरू पनि युट्युबको पहुँचको फाइदा लिन चाहन्छन् । टिभी च्यानलहरू र स्ट्रिमिङ प्लेटफर्महरूले जब पनि नयाँ कार्यक्रमहरू ल्याउँछन्, उनीहरूले तिनीहरूलाई प्रचार गर्न र मानिसहरूलाई चिनाउन युट्युब प्रयोग गर्ने राहुल तेलंगले बताए । युट्युबले परम्परागत टिभीबाट कुनै खतरा देख्दैन, तर यसले टिकटकको बढ्दो लोकप्रियतामा नजिकको नजर राखिरहेको छ, भिडियो साझा गर्ने एप जसले समान प्रयोगकर्ता–उत्पन्न सामग्री प्रदान गर्दछ, जसले यसलाई प्रतिस्पर्धा दिन सक्छ । उनले थप भने, 'टिकटकले मानिसहरूलाई कसरी मनोरञ्जन गर्न सकिन्छ भन्ने महसुस गरेको छ । मैले मेरो अनुसन्धानमा फेला पारेको छु कि केही प्रयोगकर्ताहरूले टिकटकमा रिलहरू हेर्न छ देखि सात घण्टा बिताउँछन् ।' 'अब सबैले प्रयोगकर्ताको ध्यान आकर्षित गर्न चाहन्छन् । यस प्रकारका एपहरूले युट्युबलाई चुनौती दिन सक्छन्, तर युट्युबमा यति धेरै विविधता र चाखलाग्दो सामग्री छ कि यो हाल बजारको अगाडि छ र यसलाई त्यो स्थितिबाट सार्न धेरै गाह्रो छ ।'

### आधारभूत मन्त्र

ब्रसेल्सको व्रीजे विश्वविद्यालयमा युरोपेली मिडिया बजारका प्रोफेसर डा. मार्लेन कोमोरोव्स्की, युट्युबले फेरि विज्ञापन र सामग्री सिर्जनाकर्ताहरूमा बढी ध्यान केन्द्रित गरिरहेको विश्वास गर्छे, जुन शुरुमा यसको मूल मन्त्र थियो । अहिले उनले युट्युब च्यानलमा धेरै विज्ञापन दिन थालेका छन् । गत वर्ष युट्युबले विज्ञापनमार्फत ३१.५ बिलियन डलर कमाएको थियो, जसको मतलब यो विज्ञापनमार्फत आफ्नो अभिभावक कम्पनी गुगलभन्दा १० प्रतिशत बढी कमाएको थियो । कोमोरोव्स्की भन्छन्, 'युट्युबले ठूलो सफलता हासिल गरेको छ र विश्वभरका धेरै बजारहरूमा आफ्नो स्थान हासिल गरेको छ । डिज्नी च्यानलले कन्टेन्ट बनाउन धेरै पैसा लगानी गर्छ तर युट्युब कम्पनीले पनि कन्टेन्ट बनाउन ठूलो लगानी गरिरहेको छ । युट्युबले सामग्री सिर्जना गर्न विश्वव्यापी २० बिलियन डलर खर्च गरेको छ, जुन ठूलो रकम हो । युट्युबको मुख्य लक्ष्य भनेको प्रयोगकर्ताको ध्यानाकर्षण गर्नु हो र गुगल कम्पनीको हिस्सा हुनुले यसको प्लेटफर्ममा नयाँ सुविधाहरू ल्याउन धेरै मद्दत गर्छ । डा. मार्लिन कोमोरोव्स्की भन्छन् कि गुगलको सहयोगमा यसले आफ्ना सामग्री सिर्जनाकर्ताहरूका लागि च्यानलमा उपयोगी सुविधाहरू ल्याउँछ। यसले स्वचालित रूपमा तिनीहरूको सम्पूर्ण भिडियो अनुवाद गर्छ र तिनीहरूको भिडियोहरूमा उपशीर्षकहरू थप्छ । यसले यसको सामग्री सिर्जनाकर्ताहरूलाई सहयोग गर्न कृत्रिम बुद्धिमत्ताको विकास गर्ने दिशामा पनि कदम चालिरहेको छ । टिकटकको प्रतिस्पर्धालाई ध्यानमा राख्दै युट्युबले आफ्नो प्लेटफर्ममा एक मिनेटभन्दा कम समयका 'सर्ट्स' वा भिडियोहरू समावेश गरेको छ । डा. मार्लिन कोमोरोव्स्की भन्छन्, 'टिकटले पहिलो पटक यो छोटो भिडियो ढाँचा शुरु गर्यो । अब यो फेसबुक र इन्स्टाग्राममा पनि आएको छ र युट्युबले पनि समावेश गरेको छ ।' 'यो ढाँचा धेरै सफल साबित भएको छ । युट्युबले सधैं आफ्ना प्रतिद्वन्द्वीहरूले के गरिरहेको छ भन्ने कुरामा नजर राख्नु पर्छ। यो सबै डिजिटल मिडियामा प्रतिस्पर्धाको लागि राम्रो छ ।' 'कुनै समय फेसबुक निकै शक्तिशाली भएको जस्तो लाग्थ्यो तर अहिले टिकटक पनि बजारमा आएको छ, अहिले युट्युबको तुलनामा वृद्धवृद्धाले फेसबुक चलाउन सक्छन् साथै ।' त्यसोभए अब हाम्रो मुख्य प्रश्नमा फर्कन्छु, के युट्युबले टिभी च्यानलहरूलाई पूर्ण रूपमा उछिनेको छ ? युट्युबले आफ्नो मौलिक सामग्री निर्माण विभाग बन्द गरेको छ, तर यसको मतलब टिभी च्यानलहरूमा खतरा कम भएको होइन । वास्तवमा, युट्युबले प्रयोगकर्ताहरूले सिर्जना गरेको सामग्रीमा बढी ध्यान दिएर टिभी च्यानलहरूका लागि ठूलो चुनौती खडा गरेको छ । युट्युब दैनिक हेर्नु लाखौं मानिसहरूको बानी भइसकेको छ । युट्युबको विज्ञापनबाट हुने आम्दानी बढ्दै गएको छ भने कन्टेन्ट निर्माणमा लगानी बढिरहेको छ । यसको सामग्री सधैं इन्टरनेटमा उपलब्ध छ, जसका कारण मानिसहरूले टिभी भन्दा युट्युब हेर्न थालेका छन् । बिबिसी हिन्दीको सहयोगमा

# रेडक्रस पर्साले मनायो स्थापना दिवस



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाले विभिन्न कार्यक्रम गरेर आफनो स्थापना दिवस मनाएको छ । स्थापना दिवसको अवसरमा शुक्रबार रेडक्रस सोसाइटी पर्साको रक्त सञ्चार केन्द्र परिसरमा झण्डोत्तोलन र माल्यार्पण कार्यक्रम गरिएको थियो । नेपाल रेडक्रस सोसाईटी पर्सा शाखाका सभापति बिरेन्द्रराज कँडेलको अध्यक्षतामा भएको कार्यक्रममा झन्डोत्तोलन पछि रेडक्रसका जन्मदाता जाँ हेनरी ड्युना र नेपाल रेडक्रसका संस्थापक अध्यक्ष प्रिन्सेप शाहको तस्बिरमा अबिर, फूलमाला चढाएर माल्यापर्ण गरिएको थियो । त्यसपछि रक्त संचार केन्द्रमै रक्तदान कार्यक्रमको पनि आयोजना गरिएको थियो । रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति विरेन्द्र राज कडेलले रक्तदान गरी कार्यक्रमको शुभारम्भ गरेका थिए ।
यस्तै रक्तदानलाई व्यवस्थित गर्न अनलाईन सफटवेयरको सुरुवात पनि गरिएको कार्यवाहक मन्त्री साबिर अहदम एराजले जानकारी दिए । रतmसन्चार केन्द्रको सेवा प्रभावकारी बनाउनका लागि रक्तदानको सम्पूर्ण विवरण सहितको सफटवेयर शुभारम्भ गरिएको सभापति कँडेलले जानकारी दिए । उनका अनुसार, सफटवेयरको सुरुवातसँगै मोवाईल एप्प मार्फत रक्तदाताले आफनो व्यतिm गत विवरण, रतm संचार केन्द्रमा संचित रहेको रगतको विवरण, रतm दान कार्यक्रमको विवरण थाहा पाउन सक्नेछन् । यसले समय समयमा हुने रगतको अभावलाई कम गर्न तथा रक्तदान कार्यक्रमलाई अझ व्यस्थित गर्न मदत पुग्ने कँडेलले बताए । कार्यक्रममा रेडक्रस पर्साकी उपसभापति मधु राणा, कार्यवाहक मन्त्री साबिर अहम्मद एराज, कोषाध्यक्ष महन्थ यादव, कार्यसमितिका सदस्यहरु, स्वयमसेवक, लगायत उपशाखाका प्रतिनिधि तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# ‘जनस्तरको सम्बन्धलाई जनताकै उन्नतिसँग जोड्नुपर्छ’



**मधेशदृष्टि**
**महोत्तरी ।**
राजानकी विवाह महोत्सवमा सहभागी हुन अयोध्याबाट आएका जन्तीले नेपाल–भारतबीच जनस्तरका सम्बन्धले प्रगाढ बनेको मैत्रीलाई जनताको उन्नतिसँग जोड्नुपर्नेमा जोड दिएका छन् । भारतीय अतिथिले दुवै देशबीचको सघन सांस्कृतिक सम्बन्धलाई विकासका माध्यमबाट अझ सुदृढ बनाउनुपर्ने अभिमत जाहेर गरेका छन् ।
‘हम आप के स्नेह से बधे हुए हैं, प्रेमका यह बन्धन अटुट है, सदियों से चलता आरहा है’ (हामी तपाईंहरूको स्नेहले जोडिएका छौं, हाम्रो प्रेमपूर्ण सम्बन्ध अटुट छ, जुन सताप्दियौँदेखि चल्दै आएको छ) मटिहानीवासीको स्वागतबाट आल्हादित विश्व हिन्दू परिषद्का केन्द्रीय मन्त्री राजेन्द्रसिंह पङ्कजले ग्रहण गर्दै भने, ‘यह कोइ सरकारी हस्ताक्षर से नहीं, जनता के दिलो से बने सम्बन्ध हैं, अब यह सम्बन्धको आधुनिक विकासके अवसर में पहुँचाना पडेगा’ (यो कुनै सरकारका प्रतिनिधिबीचको हस्ताक्षरले होइन, जनताका हृदयबाट बनेको सम्बन्ध हो, अब यो सम्बन्धलाई आधुनिक विकासको चरणसम्म पुर्याउन पर्छ) जनमनबाट स्थापित सम्बन्धले प्रगाढ बनाएको सांस्कृतिक सम्बन्धलाई अझ मजबुत बनाउन पर्ने उहाँको भनाइ छ । जन्तीमा पङ्कजका अतिरिक्त अयोध्यास्थित श्रीराम जन्मभूमि क्षेत्र ट्रष्टका महासचिव चम्पत राय र अयोध्या नगर निगमका प्रमुख गिरिशपति त्रिपाठीसहितका उच्च पदस्थ व्यक्तित्वसमेत पाँच सय जनाको सहभागिता छ ।
नेपाल–भारतबीचको सदियौँदेखिको सम्बन्ध र आपसी सांस्कृतिक आदानप्रदान विश्वमा अद्वितीय रहेको अयोध्याकै सन्त सन्तोसदास वैष्णवको धारणा छ । ‘हम सदियों से रक्तीय सम्बन्ध से जुड्ते आए हैं, हमारी समान सांस्कृतिक परम्पराए हैं, वह हमे प्रेम के डोरी से बँधे रखते है’ (हामीबीच सदियौँदेखि रक्तीय सम्बन्ध स्थापित छ, हाम्रा समान संस्कृति परम्परा छन्, यिनले सधैँ हामीलाई बलियो प्रेमको डोरीले बाँधिराखेका छन्) वैष्णव भन्छन्, ‘जो आप नें हमें सम्मान दिया है, ए हमारी पुराने सम्बन्धोंका निरन्तरता है’ (अहिले जो तपाईंहरूले सम्मान दिनुभएको छ, यो हामीबीचको पुरानो सम्बन्धको निरन्तरता हो) ।
आफूहरूप्रति नेपालीले दर्शाएका प्रेम र अपनत्व बिर्सन नसकिने किसिमको रहेको सबैजसो जन्तीको प्रतिक्रिया छ । नेपालीको स्नेह, सद्भाव र अहोभावको स्वागतले अर्को देश आएका छौँ भन्ने नपरेको भारतीय अतिथि बताउँछन् । ‘लगता नहीं जो दुसरे देश में है, सब जानेमाने जैसे है, कई सालो से सम्बन्धमे जुडे जैसे’ (लाग्दैन, कुनै अन्य देशमा छौँ, सब कैयौँ वर्षदेखि सम्बन्धमा जोडिएर रहेको जस्तो महसुस छ) जन्तीमा सहभागी साध्वी मनोरमा भन्छिन्, ‘हम वृन्दावन से हैं, बारात में पहलीबार आइ हुँ, लेकिन ए लगता नहीं जो पहलीबार आइ हुँ ।
प्रेम जो मिल रहा है, सचमुच नेपाली विशाल हृदय के हैं’ (म वृन्दावनकी हुँ, जन्ती भएर पहिलोपटक आएकी हुँ, तर म पहिलोपटक यहाँ आएकी हुँ भन्ने लागेन, प्रेम जो पाइरहेका छौँ, साँच्चै नेपाली विशाल हृदयका छन्) नेपाल प्रवेश गरेलगत्तै मटिहानी, जलेश्वर, पिपरा र अहिले जनकपुरमा पाएको स्नेहले अत्यन्त भावुक बनाएको उनी बताउँछिन् ।
नेपाल–भारतबीचको यो जनमनको सम्बन्ध आपसी प्रेम र विश्वासले बनेको भारतीय अतिथिहरूको बुझाइ छ । यो सम्बन्धको जग श्रीराम जानकीको विवाह रहेको भारतीय अतिथि बताउँछन् । यद्यपि अब महोत्सव सम्बन्धलाई खास उत्सवसँग मात्र नभई विकास र जनताको उन्नतिसँग जोडिनपर्ने उनीहरू सबैको धारणा छ । ‘हम अच्छे सम्बन्ध में हैं, और इसे प्रगाढ रखना है, इसके लिए हमें दोनो देशों के बीच राज्यस्तर पर भी विकास सम्भावनाओं पर खुली बातचित होनी चाहिए’ (हामी राम्रो सम्बन्धमा छौँ र यसलाई अझ प्रगाढ बनाइराख्नु छ, यसका लागि दुवै देशका सरकारबीच विकास सम्भावनाबारे खुलाखुलस्त कुराकानी भइरहनुपर्छ) विश्व हिन्दू परिषद्ुका मन्त्री पङ्कज भन्छन्, ‘दोनो देशों के सम्बद्ध अधिकारी इसपर विमर्श करते रहें’ (दुवै देशका सम्बद्ध अधिकारीहरू यसबारे विमर्श गरिरहनोस्) ।
मटिहानी प्रवेशसँगै नगरप्रमुख हरिप्रसाद मण्डलसहितका नगरवासीको आत्मीय स्वागतले हर्षित भएको अयोध्याका सन्त रामशरणदास वैष्णव बताउनुहुन्छ । मङ्गलबार जनकपुर पुगेलगत्तै महोत्सवको धनुषयज्ञमा अतिथिहरू सहभागी हुनुभयो । यसैगरी बुधबार साँझ तिलकोत्सवमा सहभागी हुनुभएका भारतीय अतिथिलाई मधेश प्रदेश सरकारले बिहीबार प्रदेशको मुख्य प्रशासकीय केन्द्र मधेश भवनमा सम्मान गरेको छ । सप्ताहव्यापी महोत्सवको पाँचौँ दिन बिहीबार जानकी मन्दिर परिसरको विवाहमण्डपमा मैथिल परम्पराअनुसार विवाहको यज्ञवेदी निर्माण र कूलदेवता पुजनको ‘मटकोर’ विधि सम्पन्न भएको छ । शुक्रबार छैटौँ दिन रङ्गभूमि मैदानमा स्वयंवर र राति जानकी मन्दिरको विवाहमण्डपमा शुभविवाह समारोह सम्पन्न हुनेछ । शनिबार रामकलेका विधिबीच जन्तीको बिदाइपछि यस वर्षको सप्ताहव्यापी महोत्सव समापन हुनेछ ।रासस

# पदभार ग्रहण समारोहस्थलबाटै पक्राउ परे नवनिर्वाचित वडाध्यक्ष



**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको डाक्रेश्वरी नगरपालिका वडा नम्बर १ मा उपनिर्वाचनबाट निर्वाचित वडाध्यक्ष धिरेन्द्र कुमार साह पदभार ग्रहण समारोहस्थलबाटै पक्राउ परेका छन् । स्थानीय एक युवतीको हत्या र उनको भाइलाई अपहरण समेत गरेको आरोपमा उनी बिहीबार पक्राउ परेका हुन् । डाक्रेश्वरी १ को वडा कार्यालयमा राखिएको पदस्थापना कार्यक्रमको मञ्चबाटै साहलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले पुष्टि गरेको छ । पक्राउ परेका साहलाई इलाका प्रहरी कार्यालय कल्याणपुरमा राखिएको छ । गत मंसिर १६ को उपनिर्वाचनमा जनता समाजवादी पार्टी (जसपा) नेपालका उम्मेदवार साह ६५२ मत प्राप्त गरी वडाध्यक्षमा विजयी भएका थिए ।

# धनुषामा महिलाको विभत्स हत्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा एक महिलाको विभत्स हत्या भएको छ । धनुषाको विदेह नगरपालिका ५ मुरिबा टोलीकी ४० वर्षीया रामपरी देव ठाकुर वडहीको हत्या भएको हो । शीरछेदन भएको उनको शव घरभन्दा करिब डेढ किलोमिटर टाढा शिवनारायण मण्डलको खेतमा भेटिएको थियो । उनको टाउको भने कमला नदीको नहरमा भेटिएको छ । शरीर नग्न अवस्थामा थियो । शरीर र टाउको भेटेको भन्दा सय मिटर पर रगत बगेको देखिएको छ । धारिलो हतियारले घाँटी छिनाएर उनको हत्या भएको धनुषा प्रहरीले जनाएको छ । हत्या भएकी महिलाको श्रीमान लामो समयदेखि वैदेशिक रोजागारमा छन् ।
मृतकका कान्छो छोराका अनुसार मंगबार अपराह्न रामपरी घाँस काट्न भन्दै घरबाट निस्किएकी थिइन् । अबेर साँझसम्म घर नफर्किएपछि खोजतलास शुरु गरिएको थियो । तर त्यसको भोलिपल्ट रामपरीको विभत्स हत्या भएको अवस्थामा शव फेला परेको हो । घटनामा संलग्न भएको आशंकामा प्रहरीले तीनजनालाई नियन्त्रणमा लिएको थियो । अहिले एक जनालाई मात्र हिरासतमा राखेर अनुसन्धान गरिरहेको धनुषाका प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिए ।

# वीरगंज भन्सारबाट लक्ष्यअनुसार राजस्व उठेन




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज भन्सार कार्यालयले चालु आर्थिक वर्षको चार महिनामा ४९ अर्ब ९२ करोड रुपैयाँ बराबरको राजस्व सङ्कलन गरेको छ ।
कार्यालयलाई यो अवधिमा ७० अर्ब ४४ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य भन्सार विभागले निर्धारण गरेको थियो । प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार असोज र कात्तिकमा धेरै सार्वजनिक बिदा भएकाले लक्ष्य प्राप्त गर्न कठिन भएको हो ।
यो कार्यालयमा ७० प्रतिशत राजस्व पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र सवारीसाधन आयातबाट प्राप्त हुने गरेको छ । कार्यालयले गत साउनमा १२ अर्ब १६ करोड रुपैयाँ, भदौमा १३ अर्ब २३ करोड रुपैयाँ, असोजमा १३ अर्ब ४७ करोड रुपैयाँ, कात्तिकमा ११ अर्ब चार करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । गत आवको सोही अवधिमा ४९ अर्ब १८ करोड ३२ लाख ४३ रुपैयाँ राजस्व सङ्कलन भएको थियो ।

# दुई करोड ७२ लाखमा ‘चार्जिङ स्टेशन’ निर्माण



**मधेशदृष्टि**
**रौतहट ।**
पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत चन्द्रपुर–५ मा मधेश प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको ‘इनोभेटिभ पार्टनरसीप फण्ड’ र चन्द्रपुर नगरपालिकाको सहयोगमा दुई करोड ७२ लाख रुपैयाँ लागतमा विद्युतीय सवारीसाधन चार्जिङ स्टेशन निर्माण भएको छ । स्टेशनको नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता तथा पूर्वभौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादव र चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले बिहीबार संयुक्त रूपमा उद्घाटन गरे । स्टेशनमा एकपटकमा चारवटा चारपाङ्ग्रे, तीन पाङ्ग्रे ११ वटा गरी १५ वटा सवारी साधन चार्ज गर्न सकिने छ । स्टेशनमा प्रतीक्षालय, बालबालिकाका लागि खेल्ने स्थान, शौचालयलगायत पूर्वाधारको व्यवस्था पनि गरिएको छ ।

# विवाह पञ्चमीमा निःशुल्क स्वास्थ्य शिविर र यात्री सहायता सेवा




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
त्रेता युगमा मिथिला नरेश राजा जनककी पुत्री सीता र अयोध्या नरेश दशरथका पुत्र भगवान् रामको विवाहको सम्झनामा प्रत्येक वर्ष विवाह पञ्चमी महोत्सव जनकपुरधाममा भव्य रूपमा मनाइने गरिन्छ। यस अवसरमा अयोध्याबाट बाराती जनकपुरधाम आउने परम्परा रहेको छ ।
यसै अवसरमा नेपाल–भारत खुला सिमा संवाद समूह र क्लोथ बैंक धनुषा नेपालले संयुक्त रूपमा निःशुल्क यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था, र यात्री सहायता परामर्श केन्द्र स्थापना गरेका छन् । शिविरको दोश्रो दिन सम्म करिब २५०० भन्दा बढीले स्वास्थ्य सेवा लिइएको संस्थाका अध्यक्ष डा. राजीव झा ले जानकारी दिए । शिविर बिहान बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने र त्यसपछि यात्री विश्राम स्थलमा परिवर्तन गरिनेछ । शिविरमा डा. अजय मिश्र, डा. उदय झा, सिअहेव दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादव लगायतका स्वास्थ्यकर्मीहरूले निःशुल्क सेवा प्रदान गरिरहेका छन् । जसपा नेपालका नेता तथा प्रदेश सभा सदस्य माननीय मनिष सुमन, जिसस प्रमुख राम नन्दन मंडलले संस्थाको प्रयासको प्रशंसा गर्दै समाजसेवाको यो पहललाई प्रेरणादायी बताए । शुभकामना दिनेहरुमा प्रमोद चौधरी, डा बिरेन्द्र लाल कर्ण, प्रध्यापक देबेन्द्र झा लगायतका रहेका थिए । शिविरमा नेपाल–भारत खुला सिमा संवाद समूहका उपाध्यक्ष शैलेन्द्र झा, धनेश्वर ठाकुर, मनिष ठाकुर, कृष्ण कुमार साह र क्लोथ बैंकका उपाध्यक्ष पुरन साह, सचिव मनिष श्रीओम, कार्यक्रम संयोजक रञ्जित झा, खुशबु साह, नन्दकुमार झालगायतको उपस्थिति रहेको जानकारी प्रवक्ता प्रमोद साह रङ्गीलाले बताए ।

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१

२०८१ साल मंसिर २२ गते शनिबार
Saturday 07, October 2024

# एनपिएलः आन्द्रेस गोउसको शतकमा पोखराको पहिलो जित




**मधेशदृष्टि**
**वीरगंज ।**
ओपनर आन्द्रेस गोउसको शतकप्रेरित पोखरा एभेन्जर्सले नेपाल प्रिमियर लिग (एनपिएलमा) पहिलो जित निकालेको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रबार पोखराले लुम्बिनी लायन्सविरुद्ध १० विकेटको सनदार जित दर्ता गर्यो । लुम्बिनीले प्रस्तुत गरेको १७१ रनको लक्ष्य लुम्बिनीले १६.५ओभरमा कुनै पनि विकेट नगुमाइ पूरा गर्यो । जितसँगै पोखराले तीन खेलमा दुई अंक जोडेको छ । दुवै खेलमा पराजित लुम्बिनी अंकविहिन छ । यसअघि पोखरा चितवन राइनोजसँग ८७ रन र जनकपुर बोल्ट्ससँग सात विकेटले पराजित भएको थियो । लुम्बिनीले विराटनगर किंग्ससँग दुई विकेटको हार ब्यहोरेको थियो । पोखराका लागि आन्द्रेस गोउसले ५५ बलमा १२ चौका र पाँच छक्काको मद्दतले अविजित १०४ रनको योगदान गरे । यसैगरी दिनेश खरेलले ४६ बलमा समान चार चौका र छक्काको मद्दतले ६१ रन बनाए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको लुम्बिनीले २० ओभरको समाप्तिमा पाँच विकेट गुमाउँदै १७० रनको योगफल तयार पार्यो । रोहित र मूर्सले चौथो विकेटका लागि ११० रनको साझेदारी गरे । रोहितले ५९ बलमा १० चौका र चार छक्कासहित ९५ रनको पारी खेल्दा मूर्स अर्धशतकबाट पाँच रनले चुके । मूर्सले ३८ बलमा समान दुई चौका र छक्कासहित ४५ रनको योगदान गरे । ३३ बलमा ५० रन पूरा गरेका रोहितले त्यसपछि २६ बल खेल्दा थप ४५ रन बनाए । पोखराका लागि विपीन खत्रीले दुई विकेट लिँदा एक विकेट म्याट क्रिचलेको नाममा रह्यो ।

### चितवनविरुद्ध कर्णालीको रोमाञ्चक जित



कर्णाली याक्सले नेपाल प्रिमियर लिग (एनपिएल)मा पहिलो जित हासिल गरेको छ । शुक्रबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा कर्णालीले लगातार तेस्रो जितको लक्ष्यमा रहेको चितवन राइनोजमाथि ६ विकेटको रोमाञ्चक जित हासिल गर्यो । चितवनले दिएको १३१ रनको लक्ष्य कर्णालीले अन्तिम बल बाँकी रहको अवस्थामा तीन विकेट गुमाउँदै पूरा गर्यो । कर्णालीका लागि ओपनर शिखर धवनले ४१ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ४५ रनको योगदान गरे । त्यस्तै तेस्रो नम्बरका ब्याटर चाडविक वाल्टनले १९ बलमा तीन छक्कासहित ३० रन बनाए । अर्को ओपनर देव खनालले ३४ बलमा समान एक चौका र छक्कासहित २५ रन बनाउँदा चौथो नम्बरका ब्याटर जीसन मक्सुदले १५ बलमा एक चौकासहित १२ र पाँचौं नम्बरका अर्जुन घर्तीले १० बलमा ११ रन जोडे । चितवनका लागि कप्तान कुशल मल्ल, लोफ्टी इटन र रवी बोपाराले समान एक विकेट लिए । देव र धवनले पहिलो विकेटका लागि ५३ रनको साझेदारी गरेका थिए । १०औं ओभरको पाँचौं बलमा देव कुशलको बलमा एलबिडब्ल्युको शिकार बन्दा कर्णालीले पहिलो विकेट गुमाएको थियो । त्यसपछि क्रिजमा आएका वाल्टनले धवनसँग मिलेर ५१ रनको साझेदारी गरे । १६ औं ओभरको दोस्रो बलमा धवन इटनको बलमा इटनबाटै क्याच भए । चार रन जोड्न नपाउँदै १७औं ओभरको दोस्रो बलमा चाडविक पनि पेभिलियन फर्किए । जतिबेला कर्णालीलाई जितका लागि २३ रनको आवश्यकता थियो । १८ ओभर सकिँदा कर्णालीलाई जितका लागि ११ रनको आवश्यकता थियो । क्रिजमा थिए जीसन मक्सुद र अर्जन घर्ती । १९औं ओभरमा तीव्र गतिका बलर सोहेल तनवीरले दुई रन मात्र खर्चिंदा खेलले रोमाञ्चक मोड लियो । अन्तिम ओभरमा कर्णालीलाई जितका लागि ९ रन आवश्यक रहँदा कप्तान कुशलले तीव्र गतिका बलर रिजन ढकाललाई बलिङको जिम्मेवारी दिए । सुरुआती तीन बलमा रिजनले ६ रन खर्चिए । चौथो बलमा अर्जुन रिजनबाटै रन आउट भए । त्यसको अर्को बलमा मक्सुदले चौका प्रहार गर्दै कर्णालीलाई पहिलो जित दिलाए ।



त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको चितवनले इङ्लिस ब्याटर रवी बोपाराको अर्धशतकप्रेरित २० ओभरको समाप्तिमा १३० रनको योगफल तयार पारेको थियो । चितवनका लागि चौथो नम्बरमा ब्याटिङ गर्न आएका बोपाराले ४० बलमा सात चौका र एक छक्कासहित ५९ रनको अविजित पारी खेले । त्यस्तै कप्तान कुशल मल्ले २७ बलमा दुई चौका र एक छक्कासहित २३ रन बनाउँदा तेस्रो नम्बरका ब्याटर विपीन रावलले १५ बलमा एक चौकासहित ११ रन जोडे । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । कर्णालीका लागि विपीन शर्माले चार ओभरमा २१ रन खर्चिंदै सर्वाधिक तीन विकेट लिए । त्यस्तै जिसन मक्सुदले दुई विकेट लिँदा सोमपाल कामी र नन्दन यादवको नाममा समान एक विकेट रह्यो । प्रतियोगितामा बोपाराको यो लगातार दोसे अर्धशतक हो । बोपाराले यसअघि चितवनको दोस्रो खेलमा पोखरा एभेन्जर्सविरुद्ध ३८ बलमा समान तीन चौका र छक्कासहित ५१ रनको पारी खेलेको थिए । जारी एनपिएलको यो नवौं अर्धशतक हो । पहिलो ओभरको पाँचौं बलमा कप्तान सोमपाल कामीले ओपनर लुक बेन्केनस्टेइनलाई रनको खाता पनि खोल्न नदिइ बोल्ड गरेका थिए । चौथो ओभरको पाँचौ बलमा नन्दन यादवले आठ रन बनाएर खेलिरहेका अर्का ओपनर दीपक बोहरालाई देव खनालबाट क्याच गराए । छैटौं ओभरको पहिलो बलमा जिसन मक्सुले विपिन रावललाई व्यक्तिगत ११ रनमा बोल्ड गरे । ब्याटिङ पावरप्लेमा चितवनले मात्र २८ रन जोड्न सक्यो । विपिनपछि क्रिजमा आएका कुशल मल्ल र बोपाराले चौथो विकेटका लागि ६० रनको साझेदारी गरे ।
१४औं ओभरको तेस्रो बलमा मक्सुदले नै कुशलको विकेट लिएर कर्णालीलाई ब्रेक थ्रु दिलाए । गुल्सन झाबाट क्याच भएका कुशलले २७ बलमा दुई चौका र एक छक्कासहित २३ रनको योगदान गरे । चितवनले १७.३ बलमा एक सय रनको आँकडा पूरा गरेको थियो ।



देवी लक्ष्मीको पूजा आराधना
त्रेतायुग परम्पराको निरन्तरता भगवान् विष्णु अवतार श्रीराम एवम् साक्षात् देवी लक्ष्मी स्वरुपा जगतजननी जानकीको विवाहोत्सव प्राचीन मिथिलाको राजधानी जनकपुरधाममा शुक्रबार पूजा आराधना गरिँदै । तस्बिरः निरञ्जनकुमार साह/रासस

# ‘नेपालका निधि’ नामक पुस्तक लोकार्पण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेस पर्साको रामगढवा स्थित पार्टी कार्यलयमा नेपाली कांग्रेसका पूर्व महामन्त्री तथा गान्धिवादी नेता महेन्द्रनारायण निधिको सङ्घर्षमय जीवनीमा आधारित ‘नेपालका निधि’ नामक पुस्तक लोकार्पण भएको छ । नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा पुर्व मन्त्री रमेश रिजालको प्रमुख अतिथित्वमा शुक्रबार पुस्तकको लोकार्पण गरिएको हो । कार्यक्रमको समुद्घाटन गर्दै प्रमुख अतिथी पूर्व मन्त्री रिजाल भने, ‘स्व. महेन्द्र नारायण निधि मधेशका नेता भएपनि सम्पुर्ण नेपाली जनताको मनमा आफ्नो स्थान बनाउनु भएको थियो ।
उहाँ समपन्न परिवारमा जन्मे पनि सम्पुर्ण सुख सुबिधा त्याग गरि नेपालको प्रजातान्त्रका लागि उभिनु भयो । नेपाली जनतालाई अधिकार दिलाउन आफ्नो पुरै जीवन अर्पण गर्नु भयो । महात्मा गन्धीको बाटो हिडेर नेपालमा प्रजातान्त्र ल्याउन उहाँले ठूलो भुमिका खेल्नु भएको थियो । निधीको देखेको सपना जस्तो नेपाल बनाउन हामी चुकेका छौँ ।’
नेपाली कांग्रेस पर्साका उपसभापति तथा कार्यक्रममा अध्यक्षता गरेका राम नारायण कुर्मीले नेपाली कांग्रेसका नेता स्व. निधीको जिवनी बारे राष्ट्रपतिबाट मंसिर ५ गते लोकार्पण भएपनि मधेसको जिल्लामा पनि उहाँको विचार बारे जानकारी गराउन आफू र आफ्नो सहयोगी मार्फत आजको कार्यक्रमको आयोजना गरेको बताए । कुर्मीले पुस्तकका लेखक वरिष्ठ पत्रकार किशोर नेपालको लेखन शैली र पुस्तक लेख्न लिएको आँटको प्रशंसा गरे ।
पुस्तक लोकार्पणमा पुस्तकका लेखक किशोर नेपालले बहुआयामिक व्यक्तित्व, नेपालमा लोकतन्त्र स्थापना र पुनस्थापना तथा सामाजिक, सांस्कृतिक जागरणबारे जान्न र बुझ्न चाहनेका लागि यो पुस्तक सङ्ग्रहणीय हुने बताए ।
कार्यक्रममा वरिष्ठ पत्रकार चन्द्र किसोर झा, जसपा नेपालका पर्सा जिल्ला अध्यक्ष राम नरेश यादव, नेकपा एकीकृत समाजवादी बालगोपाल थापा, प्रदेश सभा सदस्य श्याम पटेल, वीरगंज महानहरपालिकाका उपमेयर इम्तियाज आलम, पुस्तकका प्रकाशक रुचि श्रेष्ठ लगायत नेपाली कांग्रेस पर्साका नेता तथा कार्यकर्ताको उपस्थिति रहेको थियो । त्यस्तै कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि नेपाली कांग्रेसमा प्रवेश गरेका ब्यक्तिहरु लाई नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा पुर्व मन्त्री रमेश रिजालले टिकामाला लगाइ प्रवेश गराएका थिए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन